TRIBHUVAN UNIVERSITY

# CENTRAL DEPARTMENT OF NEPALESE, HISTORY, CULTURE AND ARCHAEOLOGY

# BULLETIN

त्रिभुवन विश्वविद्यालय

# नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग

# बुलेटिन

(त्रैमाशिक, तेस्रो अङ्क, जेष्ठ-श्रावण २०८०)

## सांस्कृतिक भवन निर्माण हुने

त्रिभुवन विश्वविद्यालय नेपालको सवैभन्दा ठूलो र पुरानो पनि हो । देशमा अन्य थुप्रै विश्वविद्यालयहरु खुलेका भए पनि यसमा विद्यार्थीको चाप कम भएको छैन । तसर्थ यो विश्वविद्यालय देशको उच्च शिक्षाको पहिचान बनेको छ । यसको ख्याति विश्वमा नै बढेको पनि पाइन्छ । त्रि.वि.को नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागमा एम्ए, एम्फिल र पिएच्डी तहसम्म अध्ययन अध्यापन हुने गरेको छ । यस विभागले देशको सम्पदा, पर्यटन, समाज, संस्कृति, पुरातत्व, मुद्राशास्त्र, संग्रहालयशास्त्र, धर्म, दर्शन र कलावास्तुकला लगायतका विषयवस्तुको पठनपाठन गराउने गर्दछ । यस विभागले नेपाली परम्परागत वास्तुशैलीमा विभागीय भवन निर्माण गर्ने योजना बनाएको छ । यो भवन त्रि.वि.को पहिचान हुने छ र यसले काठमाडौं उपत्यकाको परम्परागत वास्तुकलाको प्रतिनिधित्व गर्ने छ । उक्त भवन निर्माणका लागि भारतीय दुतावासले सहयोग गर्ने तत्परता देखाएको बुझिएको छ ।



**प्राध्यापक र विद्यार्थीहरुको अन्तर्राष्ट्रिय कन्फिरेन्समा सहभागिता:** यस विभागका उपप्राध्यापक श्री अभिजित थापा र एम्.ए. प्रथम सेमेस्टरकी छात्रा श्री समीक्षा चौधरी फिलिपिन्सको राजधानी मनिलामा १ देखि ७ अगष्ट सन् २०२३ मा भएको **INTANGIBLE CULTURAL HERITAGE INTERNATIONAL CONFERENCE & 2023 APHEN-ICH INTERNATIONAL FIELD SCHOOL** मा सहभागी भएका छन् । त्रि.वि.को संस्कृति विभाग एपिनिचको सदस्य रहेकाले बेलाबेलामा अपिनिचले आयोजना गर्ने अमूर्त सांस्कृतिक सम्पदा सम्बन्धी कार्यशाला र बैठकहरुमा यस विभागका विद्यार्थी र शिक्षकलाई पनि सहभागी गराउने गरिएको छ ।





TRIBHUVAN UNIVERSITY
CENTRAL DEPARTMENT OF NEPALESE, HISTORY, CULTURE AND ARCHAEOLOGY
BULLETIN
(त्रैमाशिक, तेस्रो अङ्क, जेष्ठ-श्रावण २०८०)

## गुरुपूर्णिमा पर्व सम्पन्न

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका एम्.ए. प्रथम सेमेस्टरका विद्यार्थीहरुले गुरुपूर्णिमा २०८० का अवसरमा असार १८ गते विभागको सभाहलमा एक विशेष कार्यक्रम आयोजना गरेका छन् । कार्यक्रममा विभागमा प्राध्यापनरत गुरुहरुको सम्मान गर्दै स्वस्तीवचन तथा गुरुपूर्णिमाको महत्वमाथि प्रकाश पार्ने कार्य भएको छ । यसरी संस्कृति विभागका विद्यार्थीहरुले नयाँ परिपाटिको सुरुवात गरेकाले विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडाबाट धन्यवाद दिने कार्य भयो ।





## सरसफाई अभियान

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग परिसरमा बृहत्तर सरसफाई अभियान सम्पन्न गरिएको छ । विभागका एम्फिल तथा पिएच्डी तह तेस्रो सेमेस्टरका शोधार्थी विद्यार्थीहरुको नेतृत्वमा उक्त कार्यक्रम मिति २०८० श्रावण ५ गते सम्पन्न भयो । यस कार्यक्रममा एम्फिल तथा पिएच्डी तह प्रथम र तेस्रो सेमेस्टर तथा एम्.ए. प्रथम सेमेस्टरका विद्यार्थीहरु तथा विभागका प्राध्यापक र कर्मचारीहरुको सकृय सहभागिता रह्यो ।



## पुष्परोपण कार्य

यस विभागमा मिति २०८० साल श्रावण १४ गते आइतवारका दिन पुष्परोपण कार्यक्रम सम्पन्न भयो । एम्फिल् तथा पिएच्डी तह तेस्रो सेमेस्टरका शोधार्थीहरुले आयोजना गरेको यस कार्यक्रममा एम्फिल तथा पिएच्डी तह प्रथम सेमेस्टर र एम् ए प्रथम सेमेस्टरका विद्यार्थी तथा विभागका शिक्षक र कर्मचारीहरुको पनि सहभागीता रह्यो ।





सम्पादकः प्रा.डा. सोमप्रसाद खतिवडा, विभागीय प्रमुख
इमेलः head@cdnhca.tu.edu.np, फोनः ०१४३३१९७६